

# g]kfnL ;Gbe{df dof{bt sfdsf nflu ljZj lbj ;–@))(

अक्टोबर ०७, २००९ को लागि

आइटियुसी-अभियान निर्देशिका

WDDW

WORLD DAY FOR DECENT WORK 07.10.09

ITUC CSI IGB



# मर्यादित कामका लागि विश्व दिवस-२००९

मर्यादित कामका लागि विश्व दिवस हरेक वर्षको अक्टोबर ७ तारिखको दिन मनाइने गरिन्छ । पहिलो विश्व दिवस अक्टोबर ७, २००८ को दिन मनाइएको थियो । यो दिन र यसको सन्दर्भ पारेर संचालन भएको अनेकौं सभा-सम्मेलन, बहस, गोलमेच छलफल र अपिल प्रकाशन लगायतका कार्यक्रमहरूमा रसियाको भ्लादिभोस्क्टोकदेखि क्यारेबियन क्षेत्रको बारबाडोसका गल्लीहरूसम्म हजारौं-हजार मानिसहरूले सहभागिता जनाएका थिए । संसारभरिका ट्रेड यूनियनकर्मीहरूले खेलकूद, सभा, गोलमेच बहस, सांस्कृतिक कार्यक्रम, अपिल, कार्य थलोमा वैठक र काम बन्द जस्ता श्रम-कार्वाही लगायत सानदार गतिविधिहरू मार्फत आफ्ना भावनालाई व्यक्त गरे ।

यसपालीको विश्व दिवस आधा शताब्दीभन्दा बढी समय पछिको सबैभन्दा ठूलो आर्थिक मन्दीको समयमा हुन गइरहेको छ । यो संकट निम्ताउने आर्थिक मोडल, सट्टेवाजी र असीमित लोभमा आधारित छ । यसको विचारधारा हो- स्वच्छन्द र 'स्वतन्त्र' बजार ! असफल भइसकेको यो आर्थिक मोडलका कारण अहिले लाखौं मानिसहरूले आफ्नो रोजगारी गुमाइरहेका छन् ।

यो वर्षको विश्व दिवस, संसारलाई आर्थिक मन्दीबाट बचाउने र जनतालाई केन्द्रमा राख्ने प्रकृतिको नयाँ विश्व अर्थतन्त्रको निर्माण गर्नेमा केन्द्रित रहने छ । संसाभरिका ट्रेड यूनियनहरूले सरकारसँग विशेष रूपमा आ-आफ्ना देशको अर्थतन्त्र र आम रूपमा विश्वव्यापी अर्थतन्त्रको निर्माणमा ठोस कदमको मागहरू अघि बढाउने छन् ।

WDDW 09
WORLD DAY FOR DECENT WORK **07.10.**

*यो वर्षको विश्व दिवस, संसारलाई आर्थिक मन्दीबाट बचाउने र जनतालाई केन्द्रमा राख्ने प्रकृतिको नयाँ विश्व अर्थतन्त्रको निर्माण गर्नेमा केन्द्रित रहने छ ।*



*मर्यादित काम*
*विश्वव्यापी आर्थिक*
*संकटसमाधानको*
*एउटा मुख्य पाटो हो ।*



मर्यादित काम विश्वव्यापी आर्थिक संकट समाधानको एउटा मुख्य पाटो हो । यसको अर्थ हो, रोजगारी सिर्जनाको सुनिश्चितता, र विशेष गरी ट्रेड यूनियनमा संगठित हुने तथा सामूहिक सौदाबाजीको अधिकार रहेको श्रमिकको अधिकारको रक्षा ! यसको अर्थ हो, विभेदको अन्त्य, बालश्रम र बलपूर्वक लगाइने श्रमको अन्त्य; र यसको अर्थ हो कामबाट निकालिएकाहरूलाई सामाजिक सुरक्षाको सञ्जालबाट संरक्षण !! यसले सरकार, रोजगारदाता र ट्रेड यूनियन बीच सामाजिक सम्वाद गराउँछ र कार्यथलो तथा समाजमा हुने ट्रेड यूनियनको वैधानिक तथा महत्वपूर्ण भूमिका स्वीकारेर छलफलबाटै 'सबैको लागि चित्त बुझ्दो समाधान' निकाल्छ । मर्यादित काम भनेको आजको सङ्कट निम्ताउने धनी र गरीब बीच रहेको भयानक असमानताको अन्त्य गर्नु हो । र, श्रमजीवी जनताको लागि आफ्नो परिवारको मर्यादित जीवन जीउन पुग्ने राम्रो आम्दानी तथा थप आर्थिक वृद्धिको लागि वातावरण सुनिश्चत गर्नु हो ।

यो प्रकाशन, अन्तर्राष्ट्रिय ट्रेड यूनियन महासंघद्वारा निर्माण गरिएको विश्व दिवस अभियान-२००९ को निर्देशिका हो ।

# मर्यादित संसारको लागि मर्यादित काम

वित्तीय सङ्कटले रोजगारी, परिवारहरू र ती करोडौं मानिसहरूको भविष्यलाई त्रासमा पारेको छ - जसले अतिरिक्त नाफा कहिल्यै प्राप्त गरेनन्, जसले थोरै ज्याला र तल्लो दर्जाको काम गरे र अहिले जे भइरहेको छ त्यसमा जसको कुनै  दोष वा दायित्व छैन ।

धेरै ठूलो खाडल र भिन्नता हेरेर नै नीति-निर्माताहरू विश्व अर्थतन्त्रलाई नियमन गर्न आवश्यक छ भन्ने बुझ्न थालेका छन् । अन्तत: सरकारले बजारलाई नियमले बाँध्ने, नागरिकलाई संरक्षित गर्ने तथा सामाजिक समानता र दिगो उपलब्धि  सुनिश्चित गर्ने जस्ता हिजो उपेक्षा गरेका जिम्मेवारी अब लिनुपर्छ भन्ने मान्न थालेका छन् । दुई दशकसम्म हर्ताकर्ता विश्वव्यापीकरणको संचालित नमूनाको असफलतामा नै आधारभूत परिवर्तनको अवसरका बीजहरू छन् ।

जब २००६ मा आई.टी.यु.सी. स्थापना भयो- यसले विश्वव्यापीकरणमा आधारभूत परिवर्तन गर्नुपर्ने कुरामा जोड दिँदै त्यसमा लागिपर्ने प्रतिबद्धता जनाएको थियो ।

अब यो परिवर्तनको लागि समय आएको छ । वित्तीय सङ्कटको अन्त्य गर्न - रोजगारीको सिर्जना र वृद्धि तथा  अर्थ-व्यवस्थालाई न्याय र दिगो विकासतिर लैजाने काम सँगसँगै गर्न आवश्यक छ । विश्व अर्थतन्त्रको व्यवस्थापनलाई नयाँ आकार दिने बृहत् एजेण्डामा वित्तीय बजारहरूको नियमन नगरी नहुने काम हो, जसले पहिलेको जस्तो व्यापार र आजको जस्तो दुर्दशा फेरि नदोहोरियोस् ।

वास्तविक ज्याला तल झर्दा पुँजीले कीर्तिमानी नाफा जम्मा गर्ने खालको असन्तुलनलाई सच्याउनु आवश्यक छ । अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त

*वास्तविक ज्याला तल झर्दा पुँजीले कीर्तिमानी नाफा जम्मा गर्ने खालको असन्तुलनलाई सच्याउनु आवश्यक छ ।*



*संगठित हुने र सामूहिक सौदावाजीको अधिकार विश्वब्यापी रूपमै लागू गरिनुपर्छ ।*



संगठित हुने र सामूहिक सौदावाजीको अधिकार विश्वव्यापी रूपमै लागू गरिनुपर्छ, जसबाट श्रमिकहरूले आफ्नो जीवन र भविष्यलाई सुरक्षित गर्न सकुन् । दोहा बैठकबाट अघि सारिएका व्यापारिक मुद्दाहरू त्यतिखेर मात्र अगाडि बढ्न सक्छन्, जब यो मर्यादित काम, विकास, अधिकार र समानताको आवश्यकतामा आधारित हुन्छ । अन्तर्राष्ट्रिय समुदायको पन्छाउन नमिल्ने दायित्व- वातावरण परिवर्तनको लडाइमा प्रभावकारी योजनामा तत्कालै सहमति कायम गर्नु पनि हो ।

जि-२० सरकारहरूले अप्रिल २००९ मा लण्डनमा भेट गरे । लण्डनमा उनीहरूले गरेको निर्णयले यथार्थ र आधारभूत परिवर्तनका संभाव्यताहरूतर्फ जान खोजे पनि अझ बढी गर्नुपर्ने आवश्यकता छ, तर मुख्य कुरा, परिवर्तनको लागि जनताको दवाव बढ्नुपर्छ ।

तसर्थ, अन्तर्राष्ट्रिय ट्रेड यूनियन महासंघ (आईटियुसी) को अन्तर्राष्ट्रिय परिषदले यो वर्ष आर्थिक संकटबाट मुक्त हुन र नयाँ विश्व अर्थतन्त्र निर्माण गर्न ट्रेड यूनियनहरूको मागलाई कार्यान्वयन गर्ने गरी मर्यादित कामको लागि विश्व दिवसमार्फत् मुख्य भूमिका खेल्ने निर्णय गरेको छ ।

# मर्यादित काम भनेकोके हो ?

छोटकरीमा मर्यादित कामलाई यसरी बुझ्न सकिन्छ ...

- यस्तो आम्दानी, जसले हरेक श्रमिकलाई असल जीवन जीउन पुगोस्
- यस्तो काम, जहाँ भेदभाव नहोस्, हरेक श्रमिकले आफ्नो वृत्ति-विकासको लागि समान अवसर पाओस्
- यस्तो कार्यथलो, जुन उपयुक्त र सुरक्षित होस्
- यस्तो वातावरण, जहाँ यूनियन गठन गर्न पाइयोस्, कामसँग सम्बन्धित विषयमा श्रमिकले आफ्नो भनाइ आफैं राख्न पाओस्
- यस्तो राज्य, जसले बिरामी, कमजोर, पाका उमेरका श्रमिक र विपतमा परेका महिलालाई सहायता पुऱ्याउने सामाजिक सुरक्षाको संयन्त्र निर्माण गरेको होस् ।

यो, १९९९ मा अन्तर्राष्ट्रिय श्रम संगठन (आई एल ओ) द्वारा सुरुवात र प्रवर्धन गरिएको एउटा अवधारणा र कार्यक्रम हो । यसमा चारवटा पक्षहरू समावेश छन् -


१) **रोजगारी**; जसको अर्थ हो ...

- मर्यादित जीवन यापन सुनिश्चित गर्ने उचित आम्दानी
- सबैको लागि समान व्यवहार र अवसर
- उपयुक्त काम गर्ने अवस्था
- कार्य थलोमा स्वास्थ्य र सुरक्षा
- फलदायी र उत्पादक काममा श्रमिकको पहुँच
- व्यक्तिको वृत्ति-विकासको संभावना ।

२) **अधिकार**; रोजगारीमा अधिकारको अर्थ हो ...

- संगठित हुने स्वतन्त्रता
- अभिव्यक्तिको स्वतन्त्रता





- महिला तथा पुरुष दुबैको जीवनमा असर पार्ने निर्णयमा आफैंले सहभागिता जनाउन सक्ने सक्षमता
- सामूहिक सौदाबाजीको अधिकार
- बलपूर्वक लगाइने श्रमबाट उन्मुक्ति
- बालश्रम मुक्त कार्यथलो
- ट्रेड यूनियनलाई कानुनी मान्यता र कानुनी व्यवस्थामा पहुँच
- कानूनी शासन र श्रम-कानुनको उपलब्धता

३) **संरक्षण**; यसको अर्थ हो, सामाजिक संरक्षणमा जोड ...

- फलदायी रोजगारी र कुनै कारणवस काममा नरहेकाहरूको सुरक्षा ।
- बेरोजगारी, घाइते, मातृत्व/पितृत्व संरक्षण वा वृद्ध अवस्थाको कारणले आम्दानी गुमेको वा घटेको समयमा संरक्षण ।
- समाज, स्वच्छ र समावेशी हुनुपर्छ ।

४) र, **सम्वाद**; अर्थात सामाजिक सम्वादमा जोड ...

- श्रमिक र रोजगारदाताहरूलाई आ-आफ्नो संगठनको माध्यमबाट प्रतिनिधित्वको अधिकार ।
- सामाजिक स्थायित्व, दिगो वृद्धि र दिगो विकासको लागि नभई नहुने सहकार्य; र त्यसको लागि सबैभन्दा मान्य उपायमा सहमति ।
- द्वन्द्वका विषयहरूमाथि छलफल र निर्णय गर्न सकिने संयन्त्र ।

मर्यादित कामको धारणा, सामाजिक परिवर्तन र विकासको उपयुक्त अवस्था सिर्जना गर्नका लागि यी चारवटै पक्षहरू आवश्यक छ भन्ने मान्यतामा आधारित छ ।

# मर्यादित कामको लागि चेकलिष्ट

**मर्यादित काम सम्बन्धी ख्याल गर्नुपर्ने आधारभूत प्रश्नहरू :**

- के हरेक महिला तथा पुरुषलाई उनीहरूको परिवार सहित मर्यादित जीवन जीउन पुग्ने कामको अवसर छ ?
- के हरेक श्रमिकहरू आफूले मन पराएको ट्रेड यूनियनमा संगठित हुन पाउँछन् ?
- के ट्रेड यूनियनहरू बाह्य हस्तक्षेप बिना संगठन गर्न, सौदाबाजी गर्न र हड्ताल गर्न स्वतन्त्र छन् ?
- देशमा मानिसहरूलाई, बेरोजगारी, घाइते, मातृत्व/पितृत्व संरक्षण वा वृद्ध अवस्थाको कारणले आम्दानी गुमेको वा घटेको समयमा र अन्य यस्तै आर्थिक कठिनाइको समयमा संरक्षणको व्यवस्था छ ?
- के ट्रेड यूनियन र रोजगारदाताका सङ्गठनहरू सामाजिक संवादमा सङ्लग्न छन् ? आफूसँग सम्बन्धित विषयहरूको लागि सरकारी निकाय समेत सङ्लग्न रहेको त्रि-पक्षीय छलफलमा सहभागी हुने गरेका छन् ?
- के महिलाहरूलाई पुरुषहरू सरह रोजगारी र काममा समान अवसर छ ? के उनीहरूलाई कानुन र व्यवहारमा विभेदबाट संरक्षित हुने पर्याप्त अधिकार छ ?

**हाम्रो देशले बाँकी विश्वलाई मर्यादित काम प्रवर्धन गर्न प्रभावित पार्नसक्ने केही आधारभूत प्रश्नहरू :**

- के मर्यादित काम प्रवर्धनको लागि अन्तर्राष्ट्रिय श्रम संगठनले गर्ने कामको पक्षमा हाम्रो देश छ ?
- संयुक्त राष्ट्र संघीय प्रणाली भन्दा बाहिरका क्षेत्रीय गठबन्धनहरू जस्तै- युरोपेली युनियन, अफ्रिकी युनियन, आसियान आदिले लागू

*के हरेक महिला तथा पुरुषलाई उनीहरूको परिवार सहित मर्यादित जीवन जीउन पुग्ने कामको अवसर छ ?*



*आफैंलाई प्रश्न गरौं- के हाम्रो देश विश्वव्यापी आर्थिक निर्णय प्रक्रियामा व्यापक परिवर्तन गर्नुपर्ने पक्षमा छ ?*



गर्ने मर्यादित कामको थप प्रवर्धनात्मक कामको पक्षमा हाम्रो देश छ त ?

- विकासको लागि प्राप्त वैदेशिक सहायता विनियोजन गर्दा मर्यादित कामलाई प्राथमिकता दिने पक्षमा हाम्रो देश छ ?
- देशको वाणिज्य सन्धिहरूले रोजगारीमा पार्ने असरलाई ख्याल गरेको छ कि छैन; व्यापार सम्झौताले आधारभूत श्रम मापदण्डलाई आत्मसात गरेको छ कि छैन; देशको व्यापार नीतिले मर्यादित कामलाई प्राथमिकता दिएको छ कि छैन ?
- राष्ट्रले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, जस्तै- विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषबाट ऋण लिंदा मर्यादित कामलाई आत्मसात गर्ने र प्रवर्धन गर्ने कुराको प्राथमिकताका साथै ऋणका सर्तभित्र आधारभूत श्रम मापदण्डको सम्मान गर्ने र त्यस्तो ऋणबाट "रोजगारीको सिर्जना, सामाजिक संरक्षण र परियोजना व्यवस्थापनमा सामाजिक सहयात्रीहरू- ट्रेड युनियन, रोजगारदाताका संगठन र सरकारको सहभागिता हुनुपर्ने नीतिहरू सङ्लग्न छ?
- माथि उल्लेखित क्षेत्रहरूमा लैङ्गिक समानता प्राप्त गर्ने प्रस्ताव सङ्लग्न छ कि छैन ?

हाम्रो देशले विश्वव्यापी आर्थिक सङ्कटको सामना कसरी गर्दैछ भन्ने विषय पनि यहाँ राख्न सकिन्छ । सरकारद्वारा चालिएका कदमहरू प्रभावकारी छन् वा यसबाट देशको आर्थिक स्थिति झनै खस्किदै छ भन्ने पनि छलफल गर्न सकिन्छ । आफैंलाई प्रश्न गरौं- के हाम्रो देश विश्वव्यापी आर्थिक निर्णय प्रक्रियामा व्यापक परिवर्तन गर्नुपर्ने पक्षमा छ ?


# मर्यादित कामको लागि अभियान, महिलाको लागि मर्यादित जीवन

सन् २००८ मार्च ८ मा, आइ.टि.यु.सी. ले ग्लोबल यूनियन फेडेरेसनहरूसँगको सहकार्यमा, "मर्यादित काम - महिलाहरूको लागि मर्यादित जीवन" अभियान सफलतापूर्वक सञ्चालन गऱ्यो । ६१ देशमा ८९ राष्ट्रिय ट्रेड यूनियन केन्द्रहरूले मातृत्व संरक्षणको अधिकार, बाल हेरचाह सुविधाहरू, समान ज्याला र ट्रेड यूनियनहरूमा लैङ्गिक समानतामाथि केन्द्रित रहेर धेरै कार्यक्रमहरू आयोजना गरे । आइ.टि.यु.सि.. ले अभियान गाइड, पोस्टर र पावर प्वाइन्ट प्रस्तुति लगायतका सामग्रीहरू वितरण गऱ्यो ।

**अक्टोबर ७, २००८ : मर्यादित कामको लागि – विश्व दिवस**
आइ.टि.यु.सि.आबद्ध २१६ वटा ट्रेड यूनियनहरूले आयोजना गरेको ट्रेड यूनियन गतिविधिहरूमा महिलाहरूको सहभागिता रह्यो । हजारौं-हजार मानिसहरूले ऱ्याली, पदयात्रा र प्रदर्शनहरूमा भाग लिए ।

**अक्टोबर ७, २००९: मर्यादित कामको लागि– विश्व दिवस**
"मर्यादित काम, महिलाको लागि मर्यादित जीवन" अभियान सञ्चालनको लागि बनेको सञ्जालले यो वर्षको विश्व दिवसको लागि कार्यक्रम बनाइरहेको छ । र, सबै देशका ट्रेड यूनियनहरूले गर्ने कार्यक्रमलाई www.wddw.org नामको वेभसाइटमा राखिरहेको छ ।





# आजीवन सहयोगपरियोजनाकोला गि निर्णयहरू

आइ.टि.यू.सि.ले डच विदेश मन्त्रालयबाट साढे दुई वर्षे परियोजनाको लागि सहस्राब्दी लक्ष्य ३’ नामको अनुदान लिन सफल भयो। यसको लक्ष्य - सेवा क्षेत्रमा भएका युवा महिला कामदारलाई भविष्यमा रोजगारीको अवसर, संभावित क्यारियर, परिवार सृजना र काम तथा परिवारको सन्तुलनबारे सचेतना अभिवृद्धि गराउनु रहेको छ । परियोजनाका दुई प्रकारका गतिविधिहरू छन्- १. असल कामको अवस्थाका लागि ट्रेड यूनियन अभियान, २. महिलाहरूको वेबपेज सञ्चालन गरी युवा महिलाहरूले उनीहरूको जीवनमा गर्नुपर्ने महत्वपूर्ण निर्णयहरूको सम्बोधन। यी सबै सामग्रीहरू डाउनलोड गरी ट्रेड यूनियन अभियानमा प्रयोग गर्न सकिन्छ । परियोजनाले लक्षित गरेका १२ वटा देशहरू ब्राजिल, भारत, इण्डोनेसिया, अजरबैजान, बेलारुस, कजाकस्तान, युक्रेन, अंगोला, मोजाम्बिक, दक्षिण अफ्रिका, जाम्बिया र जिम्बावे छन्। आइ.टि.यू.सी. को मुख्य साझेदारहरू यू.एन.आई. (आइ.यु.एफ. र पि.एस.आई.को सहकार्य समेत) ज्याला परिसूचक प्रतिष्ठान (ज्याला सम्बन्धी वेबपेज विशेषज्ञ) र एमस्टरडाम विश्वविद्यालय (संसारभरिको मर्यादित काम एजेण्डाको विवरण राख्ने, ज्याला र कम्पनीहरूका औद्योगिक सम्बन्ध प्रणालीमा विशेषज्ञ) नै छन्।

# केही चलन चल्तीका कथन बारे टिप्पणीहरू

१. **कामै नहुनुभन्दा – जस्तो भए पनि काम हुनु राम्रो**

वास्तवमा रोजगारीको सिर्जना गर्नु मात्रै यसको उद्देश्य नभएर, स्वीकार योग्य रोजगारीको सिर्जना गर्नु हो । संसारका सबै भागहरूमा अहिले मर्यादित कामको एउटा अवधारणा छ तर श्रमिकको लागि गुणात्मक रोजगारीका धेरै अर्थ छन् । यो ज्यालासँग, अधिकारसँग, कामका फरक रूपहरूसँग र कामको फरक-फरक अवस्थाको साथै भावनात्मक मूल्य र चाहेको जस्तो सन्तुष्टिसँग सम्बन्धित हुन सक्छ ।

श्रमिक अधिकारको सम्मान गर्ने र ज्याला, कामको अवस्था, सामाजिक संरक्षण र सन्तुष्टि दिन सक्ने खालको रोजगारी सिर्जना गर्ने नीतिहरू तय गर्नु एकदम जरुरी छ । आजको श्रमको संसारको आवश्यकता भनेको यस्ता सामाजिक र आर्थिक अवस्थाहरूको सिर्जना हो, जसले आधारभूत सुरक्षा, उचित ज्याला र श्रम बजारमा द्रुत गतिमा परिवर्तन भइरहेको परिस्थिति अनुसार रोजगारी सुनिश्चित गरुन् । एउटा काम, जसले तपाईंको स्वास्थ्यमा खतरा अथवा तपाईंको परिवारको जीवन यापनको लागि केही गर्न तपाईंलाई असक्षम बनाउँछ भने त्यो मर्यादित काम होइन ।

२. **विश्वव्यापीकरणको सन्दर्भमा "श्रम मापदण्ड र कामको अधिकार सम्बन्धी आधारभूत सिद्धान्त"हरू अनावश्यक बोझ हुन्**

यो सत्य होइन । हामी उच्च प्रतिस्पर्धात्मक विश्व बजारमा बस्छौं जहाँ श्रमिकहरूलाई सधैं तोकिएको समयभित्रै किटान गरिएको कोटाहरू पूरा गर्ने दबाब हुन्छ । विश्वव्यापीकरणका कतिपय फाइदाहरू सँगसँगै यसले असुरक्षा, अनिश्चितता, रोजगारीमा ठेकेदारी प्रथा र फरक वातावरण र कानुन अन्तर्गत देसीय सीमा

संसारका सबै भागहरुमा अहिले मर्यादित कामको एउटा अवधारणा छ ।



> अझै पनि त्यस्ता क्षेत्र र देशहरूछन्, जहाँ श्रमिक र रोजगारदाताबीच सामाजिक सम्वाद नै छैन।



बाहिर कठिन कामको संभाव्यतामा वृद्धि गराउँछ ।

श्रमिकहरू संरक्षित रहुन् र न्यायपूर्ण व्यवहार पाउन् भन्ने सुनिश्चित गर्न, हामी संगठन स्वतन्त्रता, समानता, र बाध्यकारीश्रम तथा बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय श्रम स्तरलाई मान्यता दिनुपर्ने र यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यक ठान्छौं । अनिश्चितता विरुद्ध लड्न, अस्वस्थ प्रतिस्पर्धाबाट जोगिन र समान व्यवहारको सुनिश्चितता, उत्तरदायित्व बहन र श्रमप्रति सम्मानलाई श्रम कानुनहरूका साझा प्रतिबद्धता बनाउनै पर्छ । श्रमिकका अधिकारहरूलाई विश्वव्यापी उद्योग र सुशासनको लागि मार्गदर्शक मानिनुपर्छ ।

३. **सबै औद्योगिक देशहरूमा पहिलेदेखिनै मर्यादित काम छ ।**

अहिलेसम्म यो पनि पूर्ण सत्य होइन । धेरै औद्योगिक देशहरूमा, मर्यादित कामको सवाललाई असान्दर्भिक रूपमा लिइन्छ । यद्यपि ती देशभित्र अझै बृहत् सामाजिक असमानताहरू छन् । महिला र आप्रवासी कामदारहरू विरुद्ध हुने विभेद हटाउन अझ धेरै चुनौतीहरू छन् । धेरै देशहरूमा अझै पनि ट्रेड यूनियन अधिकारमाथि प्रहार भइरहेको छ । अझै पनि त्यस्ता क्षेत्र र देशहरू छन्, जहाँ श्रमिक र रोजगारदाता बीच सामाजिक सम्वाद नै छैन ।

औद्योगिक देशहरूमा विश्वव्यापीकरणको सामाजिक आयामभित्र तालिम, सीपवृद्धि, सामाजिक प्रगति र आधारभूत सुरक्षा तथा अधिकार सुनिश्चित गराउन झन् धेरै र राम्रा कामहरूको आवश्यकता छ ।

४. **ठूलो अनौपचारिक अर्थतन्त्र भएकाले विकासशील देशहरूमा मर्यादित कामको विषय सान्दर्भिक छैन**

यो पनि गलत हो । अफ्रिकाको आधाभन्दा बढी जनसङ्ख्या एकदमै गरिबीमा बाँचेका छन् । उनीहरूको प्रतिदिन आय एक अमेरिकी

डलर मात्र छ । अफ्रिकाको श्रम बजारको चरित्र भन्नु नै ठूलो शहरिया अनौपचारिक अर्थतन्त्र र बृहत् गाउँ आधारित श्रम शक्ति हो । ३० करोडमध्ये धेरैजसोले एउटा न एउटा पेसा भएर पनि आफू र आफ्नो परिवारको जीवन यापन गर्न सकिरहेका छैनन् । विकासशील देशहरूमा मर्यादित जीवन बाँच्न खोज्नु एउटा ठूलो चुनौती हो । मर्यादित कामको प्रवर्धनले सबै विकासशील देशका महिला तथा पुरुषहरूलाई उत्पादनमूलक काम, अधिकार संरक्षण सहितको नियमित आम्दानी र गरिबी विरुद्धको लडाईमा जित्न सहयोग गर्ने र नयाँ दिगो अवसरहरूको सिर्जना गर्छ । मर्यादित कामका सबै रूपहरूले सामाजिक समावेशीकरण र आर्थिक हिसाबले गतिशील विकास अघि बढाउन सहयोग गर्छन् ।

५. **हाम्रो विश्वव्यापीकृत अर्थ व्यवस्थाको श्रम बजारका लागि मर्यादित कामको धारणा मिल्दो छैन ।**

वास्तवमा, विश्वव्यापीकृत अर्थतन्त्रलाई “मानवीय-रूप” दिनु आवश्यक छ । बढ्दो प्रतिस्पर्धा, तीव्रतर आर्थिक र सामाजिक परिवर्तनहरू तथा बजारमुखी अर्थतन्त्रमा उत्पादकत्व सुधार मात्रैले सामाजिक समावेशीकरण हुँदैन, न त यसले दिगो वातावरणको नै सिर्जना गर्छ ।

श्रमिकहरूले आइएलओको मर्यादित कामको एजेण्डा अन्तर्गत महिला तथा पुरुषका लागि समान अवसर र कामको अधिकारको प्रवर्धन, रोजगारी, सामाजिक संरक्ष्ँण र सामाजिक सम्वादका लागि सङ्घर्ष चलाएनन् भने विश्वव्यापीकरणका सामाजिक असरहरू अनिष्टकारी बन्न सक्छन् । दिगो विकास र सबैको लागि मर्यादित काम विश्वव्यापीकरणको मुख्य पाटो हुनुपर्छ, जसले रोजगारी, समानता र मानवीय सम्मान प्रभावकारी जगमा उभ्याओस् ।

*विकासशील देशहरूमा मर्यादित जीवन बाँच्न खोज्नु एउटा ठूलो चुनौती हो ।*



*नाफाश्रमिकहरूको शोषणगरेर र हैन;उनीहरूको आधारभूत अधिकारकोसम्मान गरेरमात्र पाइनेछ।*



# मर्यादित कामका लागि अभियान

**अभियान के हो ?**

अभियान भनेको एउटै विषयमा गरिने घनिभूत काम हो । यो तोकिएको समय र सीमाभित्र किटान गरिएको लक्ष्य प्राप्तिको लागि चलाइन्छ । त्यसो भए यो अभियानचाहिँ कसरी सञ्चालन गर्ने होला त? पहिला हामी आफैलाई प्रश्न गरौं, के हामीले गरिरहेको काम- हामीले खोजेको नतिजातिरै लक्षित छ ?

**यो अभियानको ऐतिहासिक महत्त्व**

अन्तर्राष्ट्रिय ट्रेड यूनियन महासंघ (आइटियूसी), नोभेम्बर २००६ मा तत्कालीन आइसिएफटियू एवं डब्लुसिएलमा आबद्ध र विश्वका असंलग्न राष्ट्रिय ट्रेड यूनियन केन्द्रहरूको संलग्नतामा स्थापना भएको हो । भियनामा भएको यसको स्थापना महाधिवेशनले एउटा निर्णय गर्‍यो- "आइटियूसीले अब 'नयाँ विश्वयापीकरण'को लागि विश्वस्तर मै दह्रो अभियान सञ्चालन गर्नुपर्छ, जहाँ नाफा श्रमिकहरूको शोषण गरेर हैन, उनीहरूको आधारभूत अधिकारको सम्मान गरेर मात्र पाइने छ ।" यो विश्व दिवस, पूँजीको विश्वव्यापीकरणको विकल्पमा भियना महाधिवेशनबाट घोषणा गरिएको त्यही विश्वव्यापी अभियान हो ।

**यो अभियानको अपेक्षित उपलब्धि**

विश्वमा धेरैभन्दा धेरै मर्यादित काम हुनुपर्छ । धेरै श्रमिकले मर्यादित पारिश्रमिक पाएमा धेरैको जीवन मर्यादित हुन्छ । धेरै बालबालिकाहरू काममा हैन, स्कूलमा हुनेछन् । कार्यअवस्था बढी मर्यादित हुनेछ । तसर्थ, आइटियूसी मर्यादित कामका विषयहरू व्यवहारमा लागू होस् भन्ने चाहन्छ । 'मर्यादित काम' भनेको मोटो अवधारणा हो, तसर्थ हरेक देशका ट्रेड यूनियन केन्द्रहरूले आ-आफ्नो ठाउँ सुहाउँदो विषयवस्तु तय गर्नुपर्छ ।

**यो अभियानको लक्षित समूह**

आइटियूसीका दृष्टिकोणमा लक्षित समूह भनेको यससँग आबद्ध ट्रेड यूनियन केन्द्रहरू र ती केन्द्रमा आबद्ध राष्ट्रिय फेडेरेसनहरू हुन् । यसको लक्ष्य सिङ्गो ट्रेड यूनियन आन्दोलन र मर्यादित कामका लागि काम गर्ने सबै संस्थाहरू पनि हुन् । यो दिवस एउटा अभियान हो । प्रत्येक अभियानका आ-आफ्नै सीमा हुन्छन् । तसर्थ ट्रेड यूनियन आन्दोलनले देश सापेक्ष, नारा मिल्दो, लक्ष्य र लक्षित समूह तय गर्नुपर्छ ।

**यो अभियानले गर्ने काम**

'सबैका लागि मर्यादित काम'को नारा लगाएर मात्र यो अभियान सफल हुँदैन । विद्यमान आर्थिक सङ्कट समाधान गर्न र नयाँ खाले अर्थतन्त्र निर्माण गर्न मर्यादित कामका विषय-वस्तुलाई केन्द्रमा राखी हाम्रा अभियानहरू सञ्चालन गर्नुपर्छ ।

**अभियान शुरु भयो त ?**

मर्यादित कामका लागि विश्व अभियानको हिसाबले अक्टोबर ७ को दिन अभियानको प्रमुख दिन हो । तर हामी यो विषयलाई आ-आफ्नो देशीय यथार्थसँग जोड्दैछौं भने केही न केही तारतम्य त मिलाउनैपर्छ । हामी कुन कुन विषयलाई मर्यादित कामसँग जोड्छौं, कसरी अक्टोवर ७ को विश्व दिवससँग आफूलाई एकाकार पार्छौं, यो हामी मै निर्भर गर्छ । तसर्थ, ७ अक्टोबरका दिन मर्यादित कामका लागि विश्व दिवस मनाउँदै यसैको सन्दर्भमा हामी विभिन्न तिथि-मितिमा आफूले तय गरेको कार्यक्रम तथा श्रम कार्वाही मार्फत् यो अभियान सञ्चालन गरिरहन्छौं ।

*ट्रेड यूनियन आन्दोलनले देश सापेक्ष, नारा मिल्दो, लक्ष्य र लक्षित समूह तय गर्नुपर्छ ।*



*हरेक अभियानमा व्यापक मात्रामा आफ्ना सदस्यहरूलाई परिचालन गर्नुपर्छ ।*



## अभियान सञ्चालनको तरिका

कुन तरिका कस्तो कार्यक्रमका लागि उपयुक्त हुन्छ, सन्दर्भ हेरेर तय गर्नुपर्छ । हरेक अभियानमा व्यापक मात्रामा आफ्ना सदस्यहरूलाई परिचालन गर्नुपर्छ । यसका अतिरिक्त सामान्यतया अभियानमा निम्न विधिहरू अपनाइने गरेको पाइन्छः

- जनपरिचालन- ट्रेड यनियनको सर्न्दभमा आफ्ना सदस्यहरलाई स्थानीय/क्षेत्रीय/राष्ट्रिय तहमा परिचालन गरिन्छ ।
- राजनीतिक लबिइङ्ग- व्यवस्थापिका तथा कार्यपालिकाबाट हासिल गर्नुपर्ने विषयमा यो विधि अनाइन्छ ।
- मेडिया क्याम्पेन- रेडियो/टिभीको प्रयोग तथा पत्रकार सम्मेलन गरिन्छ ।
- पर्चा वितरण
- अपिल प्रकाशन
- जुलुस/धर्ना जस्ता श्रम कार्वाही आदि ।

## सन् २००८ को विश्व दिवस

मर्यादित कामका लागि विश्व दिवस पहिलो चोटी २००८ को अक्टोबर ७ का दिन मनाइएको कुरा माथि नै उल्लेख गरिसकिएको छ । सन् २००८ मा दश लाखभन्दा बढी मानिसहरूको सहभागीतामा १३० देशमा ६१६ वटा कार्यक्रमहरू सम्पन्न भएका थिए । फिजीमा सूर्य उदाएदेखि अलास्कामा सूर्य नअस्ताएसम्म संसारभरि प्रभावकारी ढङ्गले ट्रेड युनियनहरूले विभिन्न गतिविधिहरू आयोजना गरेका थिए, जसको विवरण विशेष वेब साइट- www.wddw.org मा प्रकाशित गरिएको छ ।

सन् २००८ को विश्व दिवसको मूल नारा थियो- **मर्यादित काम** र त्यसको सहायक नारा थियो- **कामको अधिकार, ऐक्यबद्धता र गरिबी तथा असमानताको अन्त्य ।**

# योव र्षको विश्व दिवस

हामी यो विश्व दिवस दोस्रो पटक मनाउँदै छौं । गएको वर्षको विश्व दिवसमा नेपालमा जिफन्टले तीन दिने **दक्षिण एशियाली महिला ट्रेड यूनियनकर्मी सम्मलेन** (सेप्टेम्बर २०-२२) आयोजना गरेको थियो भने एनटियूसी-आईले सेप्टेम्बर ३० का दिन १,००० श्रमिकको संलग्नतामा **प्रभातफेरी** र कोणसभा गरेको थियो । यो वर्ष विभिन्न देशका ट्रेड यूनियन केन्द्रहरूले सञ्चालन गर्ने गतिविधिको विवरण र कार्यतालिका मर्यादित कामका लागि विश्व दिवसको वेब साइट- www.wddw.org मा राखिएको छ । आइटियूसीले कार्यक्रम सम्पन्न भएपछि सबैका, सबै विवरण सोही वेब साइटमा राख्ने जानकारी दिएको छ ।

यो वर्षको विश्व दिवसको लागि "**आर्थिक सङ्कट अन्त्यका लागि मर्यादित काम कसरी प्रमुख हुन्छ**" मूल नारा तय गरिएको छ ।

तर विश्व दिवसमा के कार्यक्रम गर्ने भन्ने कुरा हाम्रो आफ्नो कुरा हो । आइटियूसीले त सन्दर्भ सामग्री मात्र उपलब्ध गराउने हो । यो वर्ष हाम्रो देशमा कस्तो चाहिँ कार्यक्रम उपयुक्त हुन्छ भन्ने विषय, हामीहरू आफैले आपसी सल्लाहबाट निश्चित गर्ने हो । तसर्थ, नेपालको सन्दर्भमा मर्यादित कामको विषयहरू के तय गर्ने भन्ने कुरा ७ वटा महासंघहरूको साझा संस्था- संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (जेटियूससिसी)को निर्णय बमोजिम हुनेछ ।

*आर्थिक सङ्कट अन्त्यका लागि मर्यादित काम कसरी प्रमुख हुन्छ*



WDDW

WORLD DAY FOR DECENT WORK **07.10.09**